# हरिपुर नगरपालिका

# राजपत्र


## सर्लाही जिल्ला, मधेश प्रदेश, नेपाल

### हरिपुर नगरपालिकाद्वारा प्रकाशित

बर्ष ५ अंक १८ २०८१ भाद्र ११ गते, मंगलवार


यस नगरपालिकाबाट स्वीकृत भएको स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि,२०७६ स्थानीय सरकार संचालन ऐन,२०७४ बमोजिम सार्वजनिक जानकारीको लागि दहाय बमोजिमको निर्देशिका प्रकाशन गरिएको छ ।

## हरिपुर नगरपालिकाको मर्मत सम्भार कार्यविधि, २०८१

कार्यपालिकामा पेश भएको मिति २०८१/०५/०९

पारित मिति २०८१/०५/०९

प्रस्तावनाः

हरिपुर नगरपालिकामा निर्मित भौतिक पूर्वाधारको समयमा नै मर्मत सम्भार गरि लागत प्रभावकारीताका माध्यमले खर्च मितव्यिता र दिगो बनाउन आवश्यक भएको, मर्मत सम्भारलाई व्यवस्थित गरि नियमन गर्न र जवाफ देही बनाउन वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम हरिपुर नगरपालिकाले यो कानून बनाई लागु गरेको छ ।

परिच्छेदः-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

क) नामः कार्यवधिको नाम "हरिपुर नगरपालिकाको मर्मत सम्भार कार्यविधि २०८१" रहेको छ ।

ख) प्रारम्भ : यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा, ।

(क) “ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई सम्झनु पर्दछ ।

(ख) "नगरपालिका" भन्नाले हरिपुर नगरपालिकालाई सम्झनु पर्दछ ।

(ग) कार्यपालिका" भन्नाले हरिपुर नगरपालिकाको नगर कार्यापालिकालाई सम्झनु पर्दछ ।

(घ) “कार्यालय" भन्नाले नगरपालिका रहेको कार्यालयलाई सम्झनु पर्दछ ।

(ङ) “मर्मत सम्भार” भन्नाले हरिपुर नगरपालिकामा निर्मित भौतिक पूर्वाधारहरुको सानातिना टुटफुट मर्मत खाल्टा खुल्टी मर्मत, चुहावट नियन्त्रण गर्ने कार्य तथा निर्धारित रकमको सिमा भित्रका साधारण प्रकृतिका सामाग्री प्रयोग गरि सम्पन्न हुने मर्मत सम्भार कार्यलाई सम्झनुपर्दछ ।

(च) "शाखा" भन्नाले हरिपुर नगरपालिकाअन्तर्गत रहेका शाखाहरुलाई सम्झनु पर्दछ ।

(छ) "समिति” भन्नाले यस कार्यविधिको दफा ८ बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

(ज) "उपभोक्ता समिति" भन्नाले योजना/परियोजनाबाट प्रत्यक्ष लाभान्वित जनसहभागितामुलक पुर्वाधार विकास तथा निर्माणका लागि नगरपालिकामा दर्ता भएको समितिलाई सम्झनु पर्दछ ।

(झ) "आर्थिक वर्ष" भन्नाले श्रावण १ गते देखि शुरुभई आषाढ मसान्तमा समाप्त हुनेबर्षलाई सम्झनु पर्दछ ।

ञ) "सभा" भन्नाले हरिपुर नगरपालिकाको नगरसभालाई सम्झनु पर्दछ । (

(ट) “प्रमुख प्रशासकिय अधिकृत" भन्नाले नगरपालिका नगर कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्दछ ।

(ठ) "तोकिएको "वा" तोकिए बमोजिम भन्नाले नगरपालिकाले समय समयमा निर्णय गरी तोकिएको बा तोकिए बमोजिम संम्झनु पर्दछ ।

३. कार्यविधिको उद्देश्यः

यस हरिपुर नगरपालिकामा निर्मित भौतिक पूर्वाधारलाई व्यवस्थित रुपले मर्मत सम्भार गरि भविष्यमा हुने ठुलो क्षतीवाट जोगाउन एवं व्यवस्थित रुपले संचालन गर्न निम्न उद्देश्य रहेको छ ।

(क) नगरपालिका भित्र रहेका बाटो, खानेपानी, कल्भर्ट, पाटी पौवा, पुल पुलेसा, भवन, नहर, कूलो, सतह ढलआदिहरुको मर्मत सम्भार गरि सेवा प्रवाहलाई निरन्तरता दिने ।

(ख) उपभोक्ता समिति लगायत सरकारी तथा गैरसरकारी निकायहरुबाट निर्माण भए गरेका योजनाहरुमा स्थानीय स्रोत साधनको व्यवस्थित परिचालन र जनसमुदायको अपनत्व वृद्धि गर्ने ।

ग) मर्मत सम्भार कार्यमा एकरुपता ल्याउन सबै निर्मित भौतिक पुर्वाधार योजनाहरुको एक द्वार प्रणालीबाट मर्मत सम्भार गरिने छ ।

४. कार्यविधिको प्रयोग कर्ताः खासगरी यस कार्यविधिको प्रयोगकर्ता हरिपुर नगरपालिकानै भए पनि पुर्वाधार निर्माणका हकमा नागरिक संघ संगठन, उपभोक्ता समिति, गैर सरकारी संस्था निर्माण व्यवसायि समेत रहने छन ।

## परिच्छेद २
## मर्मत सम्भार कोषको व्यवस्था र संचालन

५. मर्मत सम्भार कोष स्थापनाः

(१) हरिपुर नगरपालिकामा निर्मित भौतिक पूर्वाधारको मर्मत सम्भार गरि प्रयोगमा ल्याउनका लागि एक "मर्मत सम्भार कोष" को व्यवस्था गर्नेछ ।

(२) दफा ५(१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन्:

(क) मर्मत सम्भार कोषकालागि आ. व. २०८१/०८२ मा विनियोजित रकम,

(ख) प्रत्येक आर्थिक वर्षमा नगर सभाले विनियोजन गरेको रकम,

(ग) कुनै व्यक्ति वा संस्था वा निकायद्वारा कोषलाई प्राप्त हुने सहयोग वा अनुदान रकम,

(घ) नेपाल सरकारका निकायवाट प्राप्त एवम् विनियोजित रकम,

(ङ) अन्य विविध श्रोतबाट प्राप्त रकम ।

(३) “मर्मत सम्भारकोष" को छुट्टै खाताबाट आर्थिक कारोबार सञ्चालन गरिनेछ।

(४) "कोष को खाता सञ्चालन" कोषको आर्थिक कारोवारको लागि प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारी र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट खाता सञ्चालन गरिनेछ ।

६. कोषको प्रयोग :

हरिपुर नगरपालिकाले स्थापना गरेको मर्मत सम्भार कोषको प्रयोग देहाय अनुसारका काममा मात्र गरिनेछ ।

(क) नगरपालिका भित्रका भौतिक पूर्वाधारहरु आपतकालिन तथा नियमित रुपमा मर्मत सम्भारको कार्य गर्न गराउन,

(ख) नगरपालिका भित्रका भौतिक पूर्वाधारको अवस्थाको समय समयमा निरिक्षण अनुगमन गरि मर्मत सम्भारका लागि आवश्यक सुझाव दिन ।

(ग) मर्मत सम्भारका लागि आवश्यक उपकरण सामाग्री खरिद गर्न ।

परिच्छेद-३

कार्यान्वयन व्यवस्था र समितिको गठन

७. कार्यान्वयन व्यवस्थापनः मर्मत सम्भार कोष मार्फत मर्मत सम्भारको कार्य निम्न अनुसार गरिने छ ।

(१) नगरपालिकाबाट वा अन्य निकायसंगको साझेदारीमा सम्पन्न भएका पूर्वाधारहरुको तत्काले मर्मत सम्भार गर्नु पर्ने भएमा सम्बन्धित शाखा वा सम्बन्धीत वडा समितीको मागको आधारमा मर्मत सम्भार समितिबाट निरीक्षण अनुगमन र निर्णय भएपछि मर्मत सम्भार गराईनेछ । मर्मत कार्यका लागि स्वीकृति भएका योजनाहरुको कार्यदिश भएको मितिले १ (एक) महिना भित्रमा मर्मत सम्भार गरिसक्नु पर्नेछ ।

(२) मर्मत कार्य सार्वजनिक खरिद नियम अनुसार अमानत, शीलवन्दी दरभाउ पत्र टेक्का प्रक्रियाबाट नगरपालिकाको स्विकृतिमा हुनेछ ।

३) तत्काले गर्नुपर्ने मर्मत कार्यको आइटमहरुको प्रति युनिट मुल्य र आवश्यक औजार तथा उपकरणहरुको उपलब्धता सहितको सूचना जारी गरि मर्मत कार्य समितिको निर्णय बमोजिम गर्न सकिनेछ।

(३) नगरपालिकाले मर्मत सम्भारको भुक्तानी गर्दा अनुगमन समितिको सिफारिसमा मात्र गर्नेछ ।

८. मर्मत सम्भार समितिको गठनः

(१) हरिपुर नगरपालिकामा मर्मत सम्भार कार्यको व्यवस्थापनका लागि देहाय अनुसारको समिति गठन गरिनेछ । उक्त समितिमा देहाय बमोजिमका पदाधिकारी तथा सदस्य रहनेछन्:

(क) नगर प्रमुख -संयोजक

(ख) नगर उप-प्रमूख- सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारी -सदस्य

(घ) पूर्वाधार विकास समितिको संयोजक- सदस्य

(ङ) भौतिक पुर्वाधार शाखा प्रमुख - सदस्य

(च) आर्थिक प्रशासन शाखा प्रमुख वा निजले तोकेको प्रतिनिधी- सदस्य

(छ) मर्मत संभार इकाई प्रमुख- सदस्य सचिव

(२) समितिमा आमन्त्रित गर्न सकिनेः यस कार्यबिधि बमोजिम गठित समितिको नियमित बैठकमा कामसंग सम्बन्धित कुनै पनि व्यक्ति वा संस्थाको प्रतिनिधिलाई आवश्यकता अनुसार आमन्त्रित गर्न सकिनेछ ।

३) अनुगमन समिति तपसिल अनुसार रहनेछ ।

संयोजक नगर उप प्रमुख

सदस्य : प्रमुख प्रशासकीय अधिकृत

सदस्यः आर्थिक प्रशासन शाखा प्रमुख

सदस्यः भौतिक पुर्वाधार शाखा प्रमुख

सदस्य : कार्यपालिका सदस्य

सदस्य सचिवः योजना शाखा प्रमुख

९. समितिको बैठक :

(१) समितिको बैठक प्रत्येक चौमासिक वा आवश्यक परेमा जुनसुकै वखत पनि बस्न सक्नेछ ।

(२) समितिको बैठक संयोजक संग परामर्श गरी सदस्य सचिवले बोलाउनेछ ।

(३) संयोजकको अनुपस्थितिमा बैठक बस्न नसक्ने अवस्था भएमा नगर उप-प्रमूख संयोजकत्वमा वसी आवश्यक निर्णय लिन सकिनेछ ।

तर यस किसिमको बैठकवाट भएको निर्णयहरुलाई पछिल्लो बैठकमा जानकारीका लागि सदस्य सचिवले अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

४) समितिका पदाधिकारीहरुको बैठक बसेको समयको बैठक भत्ता एवं सुविधा नियमानुसार पाउनेछन् /

१०. समितिको काम, कर्तव्य र अधिकारः मर्मत सम्भार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

(क) ऐन र नियमावली अनुसार मर्मत सम्भार कोषको खातामा जम्मा गर्नुपर्ने रकम समयमा नै जम्मा गर्ने व्यवस्था मिलाउने ।

(ख) मर्मत सम्भार कोषको लागि वार्षिक रुपमा आवश्यक पर्ने बजेट, आय क्षेत्र र खर्च हुने रकमको कार्ययोजना बनाई कार्यपालिका मार्फत नगर सभामा पेश गर्ने ।

(ग) कोषमा आवश्यक पर्ने रकम जुटाउने तर्फ आवश्यक पहल गर्ने ।

(घ) निर्मित भौतिक पुर्वाधारहरुको मर्मत सम्भारका लागि आवश्यक पर्ने कार्यहरुको विवरण संकलन गर्ने ।

(ङ) निर्मित भौतिक पुर्वाधारहरुको मर्मत सम्भारका लागि आवश्यक पर्ने कार्यहरू कुन प्रक्रियाबाट मर्मत सम्भार गर्दा कम लागतमा बढी प्रभावकारीता हुने हो सोको विश्लेषण गरि आवश्यक निर्णय सहित सिफारिस गर्ने ।

(च) कार्यान्वयन तथा प्राविधिक सुपरीवेक्षणको व्यवस्थामा सहयोग गर्ने ।

(छ) नगर क्षेत्र भित्रका सडक, ढल, फुटपाथ, सार्वजनिक स्थल आदिको अवस्था अध्ययन गरी म्यापिङ्ग गर्ने

(ज) सडक, ढल, पूरातात्विक, सांस्कृतिक, ऐतिहासिक क्षेत्रहरुको नियमित मर्मत सम्भार, स्तरोन्नतीको सम्बन्धी व्यवस्थापकीय कार्यहरु गर्ने ।

(झ) नगर भित्रका भौतिक पुर्वाधार विकासको नियमित, मर्मत सम्भार, स्तरोन्नती कार्यलाई प्रभावकारी बनाउन सम्बन्धीत सरकारी तथा गैर सरकारी निकायहरुसंग समन्वय गरी कार्य गर्ने ।

(ञ) मर्मत सम्भार कार्यहरुको नियमित अनुगमन, मुल्यांकन गरी नियमित रुपमा प्रतिवेदनहरु पेश गर्ने । भएका खर्चहरुको फरफारक गर्ने व्यवस्था मिलाउने ।

११. अनुगमन तथा मूल्यांकन

१) यस कोषबाट संचालन हुने तथा भएका योजना, कार्यक्रमहरुको अनुगमन, सुपरिवेक्षण तथा मुल्यांकन गर्ने गराउने दायित्व मर्मत सम्भार समितिको हुनेछ ।

२) मर्मत सम्भार समितिले समितिबाट निर्णय गरि आवश्यकता अनुसार योजना कार्यक्रमहरुको अनुगमन मुल्यांकन अनुगमन समितिबाट गर्नु गराउनु पर्नेछ ।

३) अनुगमनको वित्तीय तथा भौतिक प्रतिवेदन अनिवार्य रुपमा मर्मत सम्भार समितिमा पेश भएको हुनु पर्नेछ / सो उपर समिक्षा गरि समिक्षा भए अनुसार कार्यान्वयन गर्नु गराउनु पर्नेछ ।

४) संचालित योजना, कार्यक्रमको आवश्यक देखिएमा नगरपालिका बाट अनुगमन मुल्यांकन गर्न सकिनेछ ।

५) योजना, कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षणगर्दा स्वीकृत कार्य योजना अनुसार काम नभएको वा कोषबाट प्राप्त रकम निर्धारित कार्यमा खर्च भएको नपाईएमा मर्मत सम्भार समितिले निर्णय गरि त्यस्तो योजना, कार्यक्रम रद्ध गर्न सक्नेछ ।

परिच्छेद-४ मर्मत सम्भार कार्यनीति र प्राथमिकता

१२. कार्यनीतिः

यस कार्यविधि अनुसार मर्मत सम्भार कार्यलाई मितव्ययि दिगो र समुदायको अपनत्व बढाउनका लागि देहायका कार्यनीतिहरु अवलम्बन गर्नेछ ।

(१) मर्मत सम्भार कार्य भरसक विकेन्द्रित, श्रमप्रदान वा कामदारहरुलाई सोझै प्रयोग गरी वा उपभोक्ता समितिको माध्यमबाट अथवा व्यक्तिलाई ठेक्का दिएर गराउने छ।

(२) मर्मत सम्भार कार्य भरसक श्रममूलक स्थानीय नेतृत्व तथा श्रोतमुखी, वातावरणमैत्री प्रविधि प्रयोग गरी सहभागितात्मक प्रक्रियावाट र हरित सडकको अवधारणा अवलम्बन गर्न प्रयास गर्ने ।

(३) स्थानीय नागरिकहरुको ज्ञान, सीप, अनुभव र योग्यतालाई विकास कार्यमा उपयोग गर्ने ।

(४) प्रत्येक वर्ष मर्मत सम्भारका कार्यहरुको लागि आवश्यक सूचि तयार गरी सम्भाव्य बाढी, कटान पटान क्षेत्र लगायतका अन्य जोखिमपूर्ण स्थानहरुका साथै सार्वजनिक यातायातलाई सूचारु गर्नु पर्ने जस्ता कुराहरुलाई बढी ध्यान दिई यस किसिमको कार्यलाई सहज र सरल बनाउने ।

(५) सडक लगायतका पूर्वाधारहरुको निर्माण कार्य सम्पन्न भएपछि लाभान्वित क्षेत्रका उपभोक्ता समितिवाट मर्मत सम्भार कार्य गर्ने प्रतिवद्धता सहितको जिम्मेवारी दिने ।

(६) नियमित मर्मत सम्भार कार्य सदैव चालु रहने छ तर वर्षातको समयमा थप व्यवस्था गरिनेछ ।

(७) आकस्मिक मर्मत सम्भारको हकमा आवश्यकता अनुसार गरिने छ तर बजेटको व्यवस्था भने गतवर्षको अनुभव र खर्चलाई आधार मानी तय गरिनेछ ।

(८) रोकथाम मूलक मर्मत सम्भारका हकमा भने संभावित जोखिमलाई हेरी श्रोतको आधारमा आर्थिक वर्ष भित्र कुनै समयमा पनि रोकथाम मूलक मर्मत सम्भारको कार्य गरिनेछ ।

१३. प्राथमिकताक्रम

मर्मत सम्भार कार्यको प्राथमिकता तोक्ने काम मर्मत सम्भार समितिले प्राप्त तथ्यांक र वस्तुस्थितिका आधारमा गर्ने भएता पनि साधारणतया उपलब्ध साधन र श्रोत समेतलाई ध्यान दिदै निम्न प्राथमिकताका आधारमा प्राथमिकता तोकी कार्यसञ्चालन गरिने छ ।

क) आकस्मिक मर्मत सुधार

ख) नियमित मर्मत सम्भार

ग) पटके मर्मत सुधार

घ) आवधिक मर्मत सम्भार

ङ.) रोकथाममूलक मर्मत सम्भार

क) आकस्मिक मर्मत सम्भार (Emergency Maintenance)

* आकस्मिक ट्राफिक सञ्चालन व्यवस्थापन,

* भूक्षय तथा बाढी हटाई अवरुद्ध सडक खोल्ने कार्य

* भत्केको इम्बान्कमेन्ट (Embankment) तथा कट स्लोप (Cut Slope) मर्मत कार्य

* डाईभर्सन निर्माण
* पुल पुलेसाको आकस्मिक मर्मत संभार

ख) नियमित मर्मत सम्भार अन्तरगतः सडक किनाराको ढल, कल्भर्ट, पूल आदिको सफाई, ढललाई सामान्य रुपमा फेरबदल आदि,

* सडक सतह सफाई,
* सडक किनाराको मर्मत सम्भार
* सडक सतह र छेउछाउ वरपर उम्रेको घाँस तथा झारपातको सफाई,
* सामान्य खालको पहिरो वा भूस्खलन पन्छाउने,
* सडकमा राखिएका अन्य संरचना को सफाई गर्ने ।
* नगरपालिकाका मुख्य तथा वडा कार्यालय भवनहरु

(ग) पटके मर्मत सम्भार अन्तगत

* नाली मर्मत कार्य
* कल्भर्ट, सतह नाली मर्मत कार्य
* सडक किनारा मर्मत कार्य
* सडकमा राखिएका अन्य संरचनाको मर्मत कार्य,
* खाल्डा खुल्डी र प्वालहरु टालटुल
* फाटेको तथा फुटेको ठाउमा टालटुल
* सडक किनारा मर्मत

(घ) आबधिक मर्मत सम्भार अन्तरगत

* स्लरी सिल
* सर्फेस डेसिड.
* स्याण्ड सिल
* ओभरले
* सडक किनाराको पुनः खण्डास्मिथ
* सडक रंगरोगन कार्य

ड.) रोकथाम मूलक मर्मत सम्भार

* सडकको स्लोप काटेर मिलाउने
* नदि नियन्त्रण संरचनाहरुको संभार कार्य
* जैविक प्रविधि तथा यसको मर्मत सम्भार

## परिच्छेद-५
## (बिबिध)

१४) विवरण सार्बजनिक गर्नेः

कोषबाट संचालित योजना, कार्यक्रम सम्पन्न भएपछि योजना, कार्यक्रमको भौतिक उपलब्धि र खर्च सम्बन्धी विवरण सरोकारवाला हरू विच सार्वजनिक गरि सोको एक प्रति मर्मत सम्भार समिति मार्फत कार्यपालिकामा पेश गर्नु

गराउनु पर्नेछ ⁄

१५) बाधा अड्काउ फुकाउनेः

यस कार्यविधि कार्यान्वयन वा योजना कार्यक्रम संचालन सम्बन्धमा कुनै बाधा अड्काउ परेमा मर्मत सम्भार समितिले निर्णय गरि बाधा अड्काउ फुकाउन सक्नेछ ⁄ सो निर्णय कार्यपालिकाबाट अनुमोदन गर्नु पर्नेछ

१६) अधिकार प्रत्यायोजनः

यस कार्यविधिलाई कार्यान्वयन गर्ने, गराउने क्रममा आवश्यकता भए अनुसार अनुसुचिहरु बनाई लागु गर्ने गराउने अधिकार मर्मत सम्भार समितिलाई हुनेछ ⁄ उक्त कार्यान्वयन भएका अनुसुचिहरु यसै कार्यविधि अंश हुनेछन्।

१७) संशोधन तथा परिमार्जनः

मर्मत सम्भार कोषलाई व्यवस्थित र सुदृढ बनाउनको लागि प्राप्त अनुभव र सुझावको आधारमा मर्मत सम्भार समिति बाट सिफारिस भए अनुसार विधायन समिति र कार्यपालिकाबाट आवश्यकता अनुसार यस कार्यविधिको संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

हरिपुर नगरपालिका